पाठक र ग्राहकको सुविधाको लागि अभियान साप्ताहिक वेवसाइडमा पनि
www.nepalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २८ अङ्क : ९ २०६७ असोज १ गते शुक्रबार (Sep. 17, 2010) मूल्य रू. ५/-

## उपप्रधानमन्त्रीले एसएलआर उठाउने

काठमाडौं / उपप्रधानमन्त्री विजयकुमार गच्छदारले प्रधानमन्त्री पद मधेशलाई दिन आग्रह गर्दै ठूला दलहरूले मधेशवादीसँग स्वार्थमात्र पुरा गरेको र फाइदामात्र लिएको आरोप लगाएका छन् । एनेकपा माओवादीले रोल्पाबाट शुरुवात बन्दुक उठाउँदा आजको यो बेहाल अवस्था आयो, तराईबाट एसएलआर उठ्यो भने कुन अवस्था आउला ? भन्दै गच्छदारले राष्ट्रिय सहमति, शान्ति र संविधानका लागि सरकारको नेतृत्व मधेसवादी दललाई दिन आग्रह गरेका छन ।

भदौ २२ को प्रधानमन्त्रीको चुनावको केही घण्टा अघि दिल्लीबाट शक्तिशाली फोन आएपछि लोकतान्त्रिक फोरमले आफ्ना सबै सभासदलाई बैठक भनेर संसदीय दलको कार्यालयमा थुनेर राखेको थियो । त्यस दिन गच्छदारको फोमरले माओवादीलाई भोट दिने नदिए १९ जनाले फलोर क्रस गर्ने र अन्य मधेशवादीले (बाँकी अन्तिम पेजमा)

# कांग्रेसको विरासतमा सुशील कि देउवा ?

काठमाडौं / एकताको महाधिवेशन भनेर घोको फुलाएको कांग्रेसको १२ औं महाधिवेशनमा गुट र उपगुटको तानातान,



हानाहान र मारामारले उसै त कमजोर बनेको कांग्रेस झन कमजोर भएर जाने परिदृश्यहरू देखिन थालेका छन् ।

१२ औं महाधिवेशमा शीर्ष नेतात्रय सुशील कोइराला, शेरबहादुर देउवा र भीमबहादुर तामाङले समेत सभापतिमा उम्मेदवारी दिएपछि कांग्रेसको विरासतमा को पुग्छ र कसले कांग्रेस हाँक्छ ? भन्ने विषय अनिश्चित बन्दै गएको छ ।

सभापति हुनका लागि कूल मतदाताको ५०.१% मत प्राप्त गर्नु पर्छ । कुनै उम्मेदवारले यति मत प्राप्त गर्न नसकेसम्म चरणबद्ध निर्वाचन हुने प्रावधान रहेको छ । ३ हजार १ सय प्रतिनिधिमध्ये १४ अञ्चलबाट २२८०



मतदाता रहेका छन् । देउवा पक्षले १५२७ मत पाउने र सभापति बन्ने प्रचारवाजी गरिसकेको छ । सुजाता कोइरालालाई पन्छाएर गणेशमान पुत्रलाई महामन्त्रीमा उठाएर प्यानल बनाएका सुशीलका लागि चुनाव जित्न तेस्रो धारका उम्मेदवार भीमबहादुर तामाङ र नरहरि आचार्य प्यानलका कारण मुस्किल पर्ने बताइन्छ ।

सुशील कोइरालाले संस्थागत भनेका छन् भने देउवाले ०४८ सालको वलवान कांग्रेसको अवस्था ल्याउँछु भनेर गुड्डी हाँकेका छन् । भीमबहादुर तामाङले अब परिवारिक, अन्य वा अरु हिसावका विरासतको जमना सकियो भन्दै नयाँ नेतृत्व धारको नाम दिएका छन् । जतिसुकै नारावाजी गरे पनि कांग्रेसका मतदाता गुटवाजी र ध्रुविकरण हुन थालेका छन् ।

जसरी गुटवाजीबाट वाक्क भएर देउवाले ०५९ साल असोज ६ गते (बाँकी अन्तिम पेजमा)

## तीन नेताको चमत्कार हुने भविश्ववाणी

काठमाडौं / शीर्ष ३ राजनीतिक दलका शीर्ष नेतात्रय प्रचण्ड, सुशील र झलनाथ खानलले असोज १० गते अघि नै क्रमभङ हुने र चमत्कार देखिने भविश्यवाणी गरेको छन् । संविधानसभाको निर्वाचन गणतन्त्रको घोषणा र गणतन्त्रको कार्यन्वयन भएमा राष्ट्रको सूर्य पश्चिमबाट उदाउँछ भन्ने नेताहरू असोज १० गते अघि नै राजनीतिक चमत्कार हुन्छ भन्न थाले पनि एकजना जनताले पनि विश्वास गरेको देखिंदैन । सात पटकको प्रधानमनन्त्रीको चुनावमा पनि प्रधानमन्त्री दिन नसक्ने हरूवा र छेरुवा ३ दलका शीर्ष नेताहरूले जनताको आँखामा छारो हाल्दै भनेका छन्, यसपटक नयाँ प्रधानमन्त्रीको निर्णय हुने छ ।

प्रचण्डकाअनुसार आठौं पटकको मतदान अघि नै राजनीतिक गतिरोध तोड्छु । सुशीलले भनेका छन्, १० गतेको (बाँकी अन्तिम पेजमा)

# के चार बूँदे सहमति कार्यान्वयन होला

अभियान संवाददाता

काठमाडौं / निकै लामो विवाद र छलफल पछि अहिलेकै कार्यदेशअनुसार नै राष्ट्रसंघ मिसन अनमिनको पदावधि अन्तिम पटक चार महिनाका लाथि थप्न नेपाल सरकार र माओवादी सहमत भएर भाद्र २८ गते चारबूँदे सहमति भएको छ । उक्त सहमति पत्रमा सरकारको तर्फबाट प्रधानमन्त्री माधवकुमार नेपाल र माओवादीका तर्फबाट अध्यक्ष पुष्पकमल दाहालले हस्ताक्षर गरेको छन् । चार बूँदे सहमति पत्रअनुसार दुवै पक्षबाट संयुक्त राष्ट्रसंघलाई संयुक्त पत्र पठाएपछि सोही पत्रका आधारमा संयुक्त राष्ट्रसंघले अनमिनको म्याद चार महिना अर्थात् २०६७ साल पौष महिनासम्मका लागि थपेको छ । प्रधानमन्त्री नेपाल र अध्यक्ष दाहालबीच भएको सहमतिअनुसार शान्ति प्रक्रियाका बाँकी काम असोज १ गतेबाट शुरु गरी पौष मसान्तभित्रमा पुरा हुने उल्लेख गरिएको छ । सहमति पत्रमा विषेश समितिमा शान्ति प्रक्रिया अगाडि बढाउन तयार भएका दस्तावेजहरूमा शिघ्र सहमति गरी अन्तिम रुप दिने र तिनको कार्यान्वयन गर्ने तथा माओवादी सेनाका पूर्ण लडाकूलाई विषेश समिति मातहतमा ल्याई उनीहरूको सम्पूर्ण विवरण विषेश समितिलाई उपलब्ध गराउने उल्लेख गरिएको छ ।

प्रधानमन्त्री माधवकुमार नेपाल र एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल बीच भएका सहमतीहरू यस प्रकार छन् ।१) विशेष समिति शान्ति प्रक्रियालाई अगाडि बढाउन तयार भएका दस्तावेजमा शिघ्र सहमति गरि अन्तिम रुप दिने र तिनको कार्यन्वयन गर्ने २) माओवादी सेनाका लडाकुहरूलाई अविलम्व विशेष समितिको मातहतमा ल्याई लडाकूहरूको सम्पूर्ण विवरण (बाँकी अन्तिम पेजमा)

# सुरक्षा निकायमै अपराधीहरू

अभियान संवाददाता

काठमाडौं / मुलुकमा शैक्षिक बेरोजगारी बढी रहेकोमा व्यापक चिन्ता प्रकट गरिए पनि त्यसलाई समाधान गर्ने ठोस् प्रयास कहिंकतैबाट नगरिएपछि नक्कली प्रमाण पत्रहरू पेशगरी सरकारी जागीर खानेक्रम दिनप्रति दिन बढी रहेको छ । निजामती कर्मचारीहरूमा मात्र देखिएको त्यो क्रम अब सुरक्षा निकायमा समेत देखिनु चिन्ताको विषय हो । नेपाली जनतालाई सुरक्षा दिने कसम खाएर सुरक्षा निकायमा प्रवेश गरेका व्यक्तिहरू नै अपराधी भएपछि जनताको सुरक्षा कसले गर्ने प्रश्न खडा भएको छ ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा नक्कली प्रमाणपत्र धारीहरूको विगविगी रहेका समाचारहरू प्रकाशित भएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले केही समय पहिला अनुसन्धान गर्दा हालसम्ममा सशस्त्र प्रहरी बलका प्रहरी उपरीक्षक नरबहादुर रावल र बारा स्थित प्रहरी बलका डिएसपी पदमबहादुर शाही निलम्बवमा परेको थिए । अहिले आएर फेरि अर्का प्रहरी उपरीक्षक यज्ञप्रसाद सिवाकोटी निलम्वनमा परेको छन् । निज सिवाकोटी सशस्त्र प्रहरीबल सीमा सुरक्षा कार्यालय धनुषामा कार्यरत थिए । (बाँकी अन्तिम पेजमा)

# प्रहरीलाई बालुवाको हलुवा

काठमाडौं / चक्रपथ वरपर रहेका वडा प्रहरी कार्यालयहरूको विशोष र पोटिलो आम्दानीको स्रोत बालुवाको चोरी निकासी व्यापार बनेको छ । खोलाको अथवा प्रतिबन्ध लागेको बालुवा प्रहरीको संरक्षणमा धमाधम विक्री भइरहेको छ । टि्परको हिसावले घुस बुझाएपछि विनारोकटोक निरन्तर बालुवाको चोरी निकासी भइरहेको छ । कोटेश्वर, बौद्ध, नयाँ बस्ति, बल्खुका प्रहरी साँझ भएपछि खोइ हलुवा भनेर बालुवाको हलुवा खाने गरेको जानकारी प्रहरी स्रोतबाटै थाहा हुन आएको छ । अनाधिकृत बालुवा व्यापारका कारण राजधानीका पूलहरू जोखिममा पर्न थालेका छन् । कतिपय ठाउँमा बलुवाको (बाँकी अन्तिम पेजमा)

# अनमिनको पखेटा काटिएन

काठमाडौं / राज्य र माओवादी बीच ४ महिनाका लागि र अनमिनको कार्यादेश र कार्यक्षेत्र यथावत राख्न सोमबार सहमति भएपछि मंगलवार एउटै भाषाका अलग अलग पत्र राष्ट्रसंघ पठाएपछि सुरक्षा परीषदको अन्यौल हटेको छ । संयुक्त राष्ट्रसंघका महासचिव वान कि मुनले यो सरकारलाई अवैधानिक भनेको विषय अनमिनले राष्ट्रिय सेना र लडाकुलाई गरेको समान व्यहवारको मुद्दा लगायतका विषय छायाँमा परेको छन् ।

अनमिनको म्याद भदौ ३१ मा सकिनु अघि सरकार र माओवादी बीच सहमति बन्यो र पत्र गयो । अब लडाकू विशेष समितिमा आउने छन् र आजदेखि पुस मसान्तसम्ममा लडाकू समायोजन (बाँकी अन्तिम पेजमा)

# चिनियाँ 'पैसा' चाहि किन नहुने ?

*शाश्वत शर्मा*

हिजोको गुरिल्ला युद्धमा केही हदसम्म सफल देखिने एनेकपा माओवादी खुल्ला राजनीतिक प्रतिष्पर्धा (!) मा अवतरण भए पश्चात हरेक मोर्चामा असफल बन्दै गइरहेको छ । यो पार्टीले उठाएका हरेक मुद्दा, आव्हान गरेका हरेक शान्तिपूर्ण (!) आन्दोलन र सत्ता प्राप्तीका लागि गरेको अनेक हथकण्डा सबैमा मात खाएको छ– एनेकपा माओवादीले । अब भन्नेले भन्लान् दुई सय चालिस वर्षको इतिहास बोकेको शाहवंशीय राजतन्त्रलाई यिनै माओवादीहरूले समाप्त पारेर आफ्नो अभिष्ट र नीति सफलतापूर्वक कृयान्वित गरे भनेर । तर, यो पनि (राजतन्त्रको विस्थापन) एमाओवादीको होइन कि, छिमेकी मित्र (?) राष्ट्र भारतको कमाल रहेछ भनेर अब जस्तो सुकै अनपढ नेपालीले पनि बुझिसके । नत्र भने आफै प्रधानमन्त्रीको पदमा आसिन भएका बेला पशुपतिको मूल भट्टमा कुनै 'दाहाल' लाई नियुक्त गर्न नसक्नुले र तिनै भारतीय मूल भट्टहरूलाई यथास्थितिमा राख्न बाध्य हुनुले पनि ती पुष्पकमल दाहाल र त्यो एमाओवादीको हैसियत प्रष्टिएकै हो । एउटा 'पुजारी' नियुक्त गर्न नसक्ने प्रचण्ड र एमाओवादीले राजतन्त्र ढाल्यो त ? सक्छ त ? कसैले पत्याउँछ ? अब पछिल्लो उदाहरण लिउँ न, अहिले एमाओवादी आफ्नो फोन टेपिङ्ग भो भनेर राँडी रुवाई गर्न व्यस्त छ । कमरेड कृष्णबहादुर महराले कुनै चिनियाँ नागरिकसँग गरेको भनिएको सम्वाद जसमा



सांसद खरिदका लागि रु पचास करोड माग गरिएको थियो– चिनियाँ (!) पक्षसँग को, फोन सम्वाद सार्वजनिक भए पछि दबेको स्वरमा यो 'काम' भारतीय गुप्तचर संस्था 'रअ' को करामत हो भनेर भन्न एमाओवादीका नेता र कार्यकर्ताहरू अहिले व्यस्त छन् । यता एमाओवादी चिनियाँसँग फस्यो, उता भारतीय दूतावासबाट नेपाल विरुद्ध काम कारबाही गर्न हण्डी लिइरहेकाहरू चै चाइनीज पैसा चाहिंदैन, सांसद खरीद गर्न पाइदैन भन्दै उफ्रन थालि हाले । तर यहाँ पनि एमाओवादीले आफू (बाँकी पाँच पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – *अभियानवाणी*

**अभियान**
साप्ताहिक

## सम्पादकीय

# व्यवस्थापिका संसद जनतालाई सुसूचित गर

करिब दुई साता अगाडि सर्वाजनिक भएको बहुचर्चित विवादास्पद टेप काण्डलाई आफ्नो पार्टी र नेताको चरित्र हत्या गर्ने उद्देश्य राखेर चर्चाका रूपमा ल्याएको बताउने माओवादीले अहिले आएर घुमाउरो भाषामा त्यसलाई मान्यता दिएपछि माओवादी नेतृत्वमाथि नै शंका उत्पन्न भएको छ । माओवादी नेता तथा विदेश विभाग प्रमुख कृष्णबहादुर महराले नाम नखुलेका एक चिनियाँ अधिकारीसँग नेपालका सभाषद्लाई खरिद गरी आफ्नो पार्टीका अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउन गरेको आग्रह सार्वजनिक भएपछि तत्कालै उक्त टेप प्रकरणलाई प्राविधिक दुरूपयोग भन्दै त्यो सम्वाद आफ्नो नभएको जिकिर नेता महराले गरेका थिए । तर ठीक त्यसपछि बसेको माओवादी केन्द्रिय समितिको बैठक पछि त्यो टेप प्रकरणले अर्को रूप लिएको छ । केन्द्रिय समितिको बैठकपछि माओवादी प्रवक्ता दिनानाथ शर्माले उक्त टेप प्रकरणमा नेता महराको प्रतिरक्षासमेत गरेनन् । प्रवक्ता शर्माले भने गोपनितयतको हक सुनिश्चित गर्ने मौलिक हक विपरीत रहेको टेप प्रकरणबारेमा पार्टीभित्र छानविन गरी उचित निष्कर्ष निकाल्ने र पार्टी बाहिर राष्ट्रिय सुरक्षा तथा मानवअधिकार हननका बारेमा कुरा उठाइने छ । प्रवक्ता शर्माले टेप प्रकरण असत्य हो भनेर टेप प्रकरणलाई नयाँ मोडमा दिएका छन् । एकीकृत नेकपा माओवादी आफूलाई लागेका गम्भीर विषयका बारेमा कहिल्यै पनि शुरूमा सत्य तथ्य वास्तविकता कहिल्यै पनि बाहिर ल्याउँदैन, आफूलाई फाइदा पुग्ने अवस्थामा मात्र घटनालाई बाहिर ल्याउने र नोक्सानी पुग्ने भए षड्यन्त्रकारीहरुको हामीमाथिको आरोप हो भनेर पन्छिने प्रवृत्ति विगतका घटनाहरुलाई हेर्दा स्वयं माओवादीले नै प्रमाणीत गरिदिएको छ ।

टेप प्रकरण काण्ड सत्य हो, होईन भने विषय छानविनबाट मात्र सावित हुन सक्ने विषयमा कसैको दुईमत छैन । तर छानविनको सर्वमान्य प्रक्रिया पनि शुरू नहुनु सबैको लागि दुःखद पक्ष हो । सबैभन्दा पहिला यो घटनालाई संविधानसभाका अध्यक्ष सुभाषचन्द्र नेम्वाङले नै चासो राखेर व्यवस्थापिका संसदले नै आफ्नो कार्यसूचीमा राखेर त्यही संस्थाको अगुवाइमा खोजविन, छानविन गरी अनुसन्धान गर्नु पर्थ्यो । अभियोग सार्वजनिक भइसकेपछि अभियोग लागेका व्यक्तिबाटै त्यो सत्य होइन भनेर प्रमाणीत गराउने दायित्व पछि आयोग लागेको व्यक्तिको भएपनि यतिका दिनसम्ममा त्यसतर्फ स्वयं महरा चुपचाप बस्नु मौन सहमतिको लक्षण हो कि भन्ने अनुमान सजिलै गर्न सकिन्छ । यदि माओवादी नेतृत्वले त्यो टेप काण्डका बारेमा हुने छलफल र बहसलाई प्रोत्साहन गर्न सक्नु पर्दथ्यो । तर त्यस्तो अवस्था नदेखिएको हुनाले टेप प्रकरणमा माओवादी दोषी देखिनु एक प्रकारको सत्य सावित हुनु हो । व्यवस्थापिका संसदमा उपस्थित भएका दलहरु मध्यका तीन ठूला दलहरु मध्ये नेपाली कांग्रेस बाहेकका नेकपा एमाले र अन्य मधेशवादी दलहरु यस विषयमा छानविन गर्न अग्रसर नहुनु अर्को विडम्वना हो ।

टेप प्रकरणले सर्वाभौमसत्ता सम्पन्न नेपाली जनताको स्वतन्त्रतामाथि नै प्रहार गरेको छ । एउटा विदेशी मुलुकबाट पैसा ल्याएर जनताका प्रतिनिधि हौं भन्ने व्यक्तिहरुलाई खरिद गरी राष्ट्रियहीत भन्दा व्यक्तिगतहीत र पार्टीगत स्वार्थ पूरा गर्न खोजिएको जस्तो संवेदनशील विषयमा व्यस्थापिका संसदका नेता सभामुख नेम्वाङ चुँ सम्म नबोल्नु र टेप प्रकरणका बारेमा व्यवस्थापिका संसदमा बहस, छलफल नै गराउन नचाहनुको अर्थ के हुनसक्छ ? झण्डै एक महिनादेखि यो विषय अन्यौल रहनु मुलतः राजनैतिक दलहरुको असफलता र नालायकीपनको धोतक हो । कांग्रेसका केही नेताहरुले यस विषयमा प्रश्न उठाउँदै यसलाई कार्यसूचीमा राख्नु पर्छ भन्ने आवाज उठाएपनि माओवादीकै कारण संसद अवरूद्ध भएका कारण यसलाई निरूपण गर्न असजिलो भएको छ । मुलुकको सर्वोच्च निकाय व्यवस्थापिका संसद नै हो र कुनै पनि राजनैतिक प्रश्नबाट उसले आफूलाई बाहिर राख्नु लोकतान्त्रिक संस्कृति अनुरूप हुन नसक्ने भएको हुनाले अविलम्ब टेप प्रकरणका बरेमा व्यवस्थापिका संसदमा व्यापक छलफल र बहस गरी दोषी माथि कडा कारबाही हुनुपर्दछ ।

टेप प्रकरण काण्डमा दुई बाटा देखिएका छन् । पहिलो बाटो यदि माओवादीले चिनियाँ पक्षसँग पैसा ल्याएर सभाषद् खरिद गरी पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउन खोजेको हो भने त्यसको राजनैतिक मूल्य निश्चितरूपमा माओवादीले चुकाउनै पर्छ । किनकी राजनीतिलाई किनबेचको वस्तु बनाउनु भनेको बाहिरीया शक्तिलाई आन्तरिक राजनीतिमा हस्तक्षेप गर्ने बाटो खोलिदिनु हो । यसलाई स्वाभिमानी नेपाली जनताले कहिल्यै स्वीकार गर्न सक्ने अवस्था छैन । दोस्रो पक्ष के हो भने किन र के प्रयोजनको लागि त्यस्तो कार्य शुरू गर्न माओवादी नेतृत्व उद्दत रह्यो । माओवादीले टेप सार्वजनिक हुनुमा तीन पक्ष जिम्मेवार रहेको आरोप लगाएर अप्रत्यक्ष रूपमा टेप प्रकरणलाई स्वीकार गरेको छ । उसले भारतीय राजदूतावास, अमेरिकी दूतावास र नेपाली सेनाले टेप ट्यापिङ गर्न सक्ने आरोप लगाएको छ । यस्तो गम्भीर आरोप राष्ट्रको राष्ट्रिय सेनामाथि लाग्दासमेत नेपाल सरकार र सर्वोच्च निकाय संसद मौन रहनुले कतै माओवादीको जालमा यी संस्थाहरु परेका त छैनन् भन्ने प्रश्नसमेत उब्जिएको हुनाले अविलम्ब टेप प्रकरणका बारेमा सत्य तथ्य छानविन गरी वास्तविकता नेपाली जनतालाई जानकारी गराइयोस भनि हामी जोडदार माग गर्दछौं । वास्तविक सत्यतथ्य पत्तालगाई जनतालाई सूचित गर्ने दायित्व व्यवस्थापिका संसदले पुरा गर्नु पर्दैन ?

# टेप प्रकरण काण्डमा माओवादी चुकेकै हो

**– देवेन्द्र चुडाल –**

एकीकृत नेकपा माओवादी आफ्नै हठका कारण एक पछि अर्कौ विवादस्पद काण्डहरूमा जाकिँदै गएपछि उसलाई आफ्नो अस्तित्व जनता सामु जोगाइराख्न निकै कठिनाई भएको छ। माओवादी कार्यकर्ताहरूबाट भएका अपराधहरूलाई बेलैमा स्वीकार गर्न नसकेपछि व्यापक जनदबाबमा मात्र अपराधहरू स्वीकार गर्ने प्रवृत्तिले गर्दा स्वयं माओवादी जनताको सामु नाङ्गिन पुगेको हो। विभिन्न समयमा माओवादी नेता तथा कार्यकर्ताहरूबाट गरिएका अपराधहरू स्वीकार गरी त्यस्ता अपराधीहरूलाई कानूनको दायरामा ल्याएको भए माओवादी नेतृत्वलाई अहिलेको जस्तो अप्ठ्यारो अवस्था आउने नै थिएन। चाहे काटेश्वरका व्यापरी रामहरि श्रेष्ठ हुन, चाहे बाराका पत्रकार वीरेन्द्र शाहका हत्याराहरू नै किन नहनु त्यस्ता व्यक्तिहरूलाई माओवादी नेतृत्वले बेलैमा स्वीकार गर्न नसेकपछि जनताको उर्लंदो विरोधलाई थेग्न नसकेपछि दबाबकै भरमा अपराध स्वीकार गर्न बाध्य भएको थियो। कोटेश्वका व्यापारी रामहरि श्रेष्ठलाई कोटेश्वरबाट अपहरण गरेर माओवादीका पूर्व लडाकूहरू रहेको शिविरमा लगेर हत्या गरिएपनि नेतृत्वले बेलैमा अपराध स्वीकार गरेन। व्यापक जनदबाबपछि मात्र अध्यक्ष पुष्पकमल दाहालले आफ्ना कार्यकर्ताबाट अपराध भएको स्वीकार गरेपनि त्यस्ता अपराधीहरूलाई कानूनको दायरामा ल्याउनुको सट्टा केन्द्रिय सदस्यमा मनोनित गरेर अपराधीहरूको मनोबल बढाउने कार्यमा स्वयं पार्टी नै सक्रिय भयो। बाराका पत्रकार वीरन्द्र शाहलाई अपहरण गरी हत्या गरेको विषयलाई ढाकछोप गर्दा माओवादी विश्व जगतबाटै आलोचनाको पात्र बन्न पुग्यो। यि त केही समान्य उदाहरणमात्र हुन्।

व्यवस्थापिका संसदले छैठौं पटकमा पनि प्रधानमन्त्री चुन्न नसके पछि सत्ताको लागि छटपटाएको एकीकृत नेकपा माओवादीले व्यवस्थापिका संसदहरूलाई खरिद गर्नका लागि विदेशी राष्ट्रसँग आर्थिक सहयोग माग्नु लज्जाको अर्को पराकाष्टा हो। एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाउनको लागि माओवादीले जस्तोसुकै हथकण्डा अपनाउन पनि पछि पर्दैन भन्ने यो भन्दा राम्रो उदाहरण अर्को के हुन सक्छ। संविधानसभामा उपस्थित भएका पच्चिस दलहरूलाई विभाजन गराएरै भएपनि पार्टीगत स्वार्थ र व्यक्तिगत महत्वाकांक्षा पूरा गर्ने पुष्पकमल दाहालको रणनीतिअनुसार नै नेकपा मालेलाई विभाजित गरिदिएको छ। नेकपा मालेका संविधानसभामा नौ सभाषद् रहेकोमा विभाजन पछि नेकपा माले समाजवादी नामक पार्टी गठन भएको छ। उक्त पार्टीका अध्यक्ष जगतबहादुर बोगटी एक समयमा नेकपा मालेका महासचिव सी.पी. मैनालीका ज्यादै विश्वासपात्र थिए। तत्कालीन राष्ट्रियसभामा पार्टीको आदेश विपरीत मैनालीले निज बोगटीलाई राष्ट्रियसभाको सदस्य बनाउँदा स्वयं मैनाली कारबाहीमा परेका थिए। तर अहिले तिनै बोगटीले पैसाको आडमा मैनालीलाई लात हानेर आफैं पार्टी अध्यक्ष भएका छन्। मैनालीकै कारण बोगटी दुई पटक राज्यमन्त्री हुँदै मन्त्रीसम्म बन्न सफल भएका व्यक्ति हुन्। अहिले एकीकृत नेकपा माओवादीले केही मधेशवादी दलहरूलाई विभाजित गराएरै भएपनि पुष्पकमल दाहाललाई प्रधानमन्त्री बनाएरै छोड्ने उद्देश्यका साथ छिमेकी मुलुक चीनसँग पैसा माग गरिएको टेप बाहिर आएपछि माओवादीले उक्त टेप काण्डलाई आफ्नो पार्टी विरोधी षडयन्त्र भन्न थालेपनि वास्तविक रुपमा उक्त टेप काण्ड माओवादीद्वारा गरिएको चर्तिकला नै भएको आमजनताको धारणा छ। माधवकुमार नेपाल नेतृत्वको सरकार विरुद्ध झण्डै एकवर्षदेखि आन्दोलनमा उत्रिएको माओवादी आफ्नै मागविरुद्ध गएर अहिले बहुमतीय सरकारको नेतृत्व लिन चाहनुको उद्देश्य के ? माधवकुमार नेपल विरुद्ध सडकमा उत्रँदा राष्ट्रिय सहमतिको सरकार भन्ने उसको प्रमुख नारा थियो। त्यै माग पूरा गराउनको लागि उसले दुई दुई पटकसम्म अनिश्चितकालीन आमहड्ताल गरेर अनावश्यक रुपमा जनतालाई दुःख दिएपछि बाध्य भएर नेपाली जनता सडकमा उत्रन बाध्य भए, त्यसपछि उनले अनिश्चितकालीन आमहड्ताल फिर्ता लिन बाध्य भएको थियो। यसरी एकपछि अर्को गल्ती गर्दै पहिला गरेको गल्तीहरूलाई ढाकछोप गर्न फेरि गल्ती गर्ने माओवादीले अहिलेको टेपकाण्डमा जतिसुकै सफाई दिएपनि नेपाली जनता त्यसलाई पत्याउन तयार छैनन्।

संविधानसभाको चुनावका बेला तत्कालीन कांग्रेसका सभपाति गिरिजाप्रसाद कोइरालालाई राष्ट्रपतिको आश्वासन देखाएर कोइराला सरकारबाट आफ्ना जायज-नाजायज मागहरू पूरा गराउन सफल भएको एमाओवादी नेतृत्व शक्तिखोर टेपकाण्डबाट नराम्ररी पछारिएको थियो। आन्दोलनका बेला ८ हजारको संख्यामा रहेका आफ्ना लडाकूको संख्यालाई रातारात ३१ हजार पुऱ्याएको माओवादीले अनमिनको प्रमाणीकरणमा समेत माओवादीका पूर्व लडाकूहरूको संख्या १९ हजार ६ सय २ लाई प्रमाणीकरण गराउन सफल भएको स्वयं माओवादी अध्यक्ष दाहालले स्वीकार गरेका छन्। यसरी राज्यलाई गिराउने र आफू जित्ने तिव्र इच्छा भएका दाहालको कारण अहिले माओवादी पार्टी नै संकटको भूमरीमा परेको छ। कुनैबेला अर्थात नौं महिनासम्म सत्ताको बागडोर हातमा लिएर सत्ताबाट बाहिरीएपछि स्वयं दाहालले अब सत्ताको बागडोर आफूले नलिने उद्घोष गरेपनि उनी अहिले प्रधानमन्त्रीको दौडमा सामेल भएका छन्। माधवकुमार नेपाल त एउटा जिल्लाको एक निर्वाचन क्षेत्रबाट चुनाव हारेका व्यक्ति हुन्। तर पुष्पकमल दाहाल त सम्पूर्ण जनताका प्रतिनिधिहरूबाट सात सात पटकसम्म प्रधानमन्त्रीका लागि अस्वीकृत भइसकेका हुनाले कुन मुखले फेरि प्रधानमन्त्रीको चुनावमा सामेल हुने। जनताको मुक्तिका लागि आन्दोलन गरेको र जनतालाई हक अधिकार दिलाएर छोड्ने अनि आफूहरू सत्ता लिप्सामा कहिल्यै नलाग्ने दाहालको अभिव्यक्ति अहिले कहाँ हरायो। यी विविध कारणहरूले गर्दा माओवादीको १० वर्षे जनयुद्ध पनि सत्ता हत्याउनैका लागि थियो भन्ने प्रष्ट भएको छ। तत्कालीन आवस्थामा आन्दोलन गर्दा सत्ता प्राप्त हुने नदेखेपछि गरीब नेपाली जनतालाई भड्काएर तिनै नेपाली जनताको रगतमा होली खेलेर १५ हजार नेपाली जनताको हत्या गर्नु के सत्ता लिप्साकै लागि थिएन भनेर कसरी विश्वास गर्ने ?

व्यवस्थापिका संसदबाट सात पटक प्रधानमन्त्री पदका लागि अस्वीकृत हुँदासम्म हिनताबोध नहुने व्यक्तिहरूबाट जनताले के आशा गर्ने ? जनता दलहरूका लीग सत्तामा पुग्ने भऱ्याङ मात्र भएका छन्। नत्रभने दुई वर्षभित्रमा संविधान निर्माण गरी लागू गर्न दिएको जनताको आदेशलाई दलहरूले उल्लंघन गर्दै आफैंले आफ्नो पदावधि लम्ब्याउनु कहाँको प्रजातानित्रक अभ्यास हो। पहिला नै आफ्नो मृत्यु पत्रमा हस्ताक्षर गरिसकेका व्यक्तिहरूले जनतालाई नसोधिकन आफ्नो पदावधि आफैंले लम्ब्याएको इतिहास विश्वमा कहिंकतै पनि छैन। नेपाली जनतालाई सार्वभौमसत्ता सम्पन्न स्वीकार गरी सकेको अवस्थामा तिनै जनताको अधिकार खोसेर दलहरू नै सर्वाभौमसत्ता सम्पन्न भएको व्यवहार जनतामा प्रदर्शन गर्नुले दलहरूमाथि जनताको विश्वास क्रमशः दिन प्रतिदिन घट्दै गएको छ।

अहिले आएर व्यवस्थापिका संसदले प्रधानमन्त्री चुन्न नसक्नुलाई दलका नेताहरूले अरुलाई दोष लगाउन थालेका छन्। केही राजावादी र प्रतिगामीहरूले गर्दा दलहरू एक आपसमा मिल्न नसेको उद्घोष कथित नेताहरूले गर्न थालेका छन्। तर उनीहरूले प्रष्ट रुपमा भन्न सकेका छैनन, कसका कारण दलहरू एक आपसमा मिल्न सकेनन्, कुन राजावादीले दलहरूलाई खेलाए, यसरी अर्थ न बर्थको उडन्ते गफ गरेर आफ्नो नालायकीपनलाई जनतासामु उदाङ्गो स्वयं दलका नेताहरूले पारेका हुनाले उनीहरूको बोलीमा कुनै ठेगान नभएको र एउटा गल्ती गरेपछि त्यसलाई स्वीकार गर्दै सुधार गर्नुको सट्टा त्यही गल्तीलाई ढाकछोप गर्नको लागि अरु गल्ती गर्ने गरेको रहस्य हो, कृष्णबहादुर महराको टेप काण्ड।

एकीकृत नेकपा माओवादीले काठमाडौं स्थिति भारतीय दूतावास, अमेरिकी दूतावास र नेपाली सेनाले जासुसी गर्दै टेप ट्याटिङ गरेको आरोप लगाएपछि त्यस्मा स्वयं माओवादी फसेको छ। एउटा स्वतन्त्र देशका सभाषद खरिद गर्न विदेशी मुलुकसँग पैसा माग्ने अनि त्यसको भण्डाफोर भएपछि टेप ट्यापिङ गरे भन्ने आफैंमा विवादस्पद र हाँस्यास्पद रहेको छ। साँच्चिकै टेप काण्ड नेपाली सेनाले ट्यापिङ गरेको रहेछ भने त्यसमा सेनालई धन्यवाद दिनुपर्दछ, खरिद गरेर प्रधानमन्त्री बन्ने परम्पारालाई नेपाली सेनाले रोक्न सकेकोमा।

# काश्मिरी युवाको अनलाइन सङ्घर्ष

*अथर परवेज*

रसिक रसिद (नाम परिवर्तन) का निम्ति ठूलै इन्टरनेट महसुल बुझाउनु परे पनि परिवारका सदस्यमा खासै चिन्ता छैन । झण्डै तीन महिनादेखि चलिरहेको कर्फ्यु र हड्तालका कारण घरमै बस्न विवश उनीजस्ता युवा पढ्न छाडेर काश्मिरी सङ्घर्षका निम्ति इन्टरनेटमा दिन बिताइरहेका छन् ।

उनीहरू इन्टरनेटको यु–ट्युब साइटमा आफूले खिचेका दृश्य सामाग्री राख्न र हेर्न घण्टौं बिताउँछन् जसले भारतीय सरकारको सुरक्षा प्रबन्धका कारण सिर्जित जीवन र परिस्थितिको चित्रण गरेको हुन्छ । उनीहरूले फेसबुकजस्ता इन्टरनेटमा आधारित सामाजिक सञ्जाल साइटमा आफ्ना धारणा र नारा आदानप्रदान गरिरहेका छन् ।

"स्वतन्त्रताको सङ्घर्षमा म पनि योगदान गर्न चाहन्छु । सडकमै गएर म भारतीय सुरक्षाकर्मीसँग सङ्घर्ष नगरे पनि के भयो त ?" उनले बताए । "उनीहरूले काश्मिरी जनतालाई कस्तो दुर्व्यवहार गरिरहेका छन् भनेर यी दृश्य सामाग्रीको मद्दतले उनीहरूलाई क्षति पुऱ्याइरहेको छु ।"

इन्टरनेटको महसुल बुझाउने अभिभावकका सम्बन्धमा उनी भन्छन्, "उनीहरू पनि खुसी छन् किनभने मैले फरक ढङ्गबाट काश्मिरको स्वतन्त्रताका निम्ति योगदान गरिरहेको छु ।" इन्टनरेटको पहुँचले रसिकजस्ता युवालाई काश्मिरमा भारतीय शासनको विरोधमा आफ्नै ढङ्गले योगदान गर्न मद्दत पुऱ्याएको उनीहरूको ठम्याइ छ ।

सन् १९८९ देखि सशस्त्र विद्रोहमा होमिएको भारतीय शासनको विपक्षमा रहेको यस अस्थिर राज्यमा अहिले 'गोलाबारुद रहित' सङ्घर्ष पनि जारी छ । यहाँका युवाले फेसबुक, यु–ट्युब र ट्विटरजस्ता परम्परागत र बढी जटिल प्रकृतिका प्रविधिमैत्री विधिको प्रयोग गरिरहेका छन् ।

अनलाइन विश्वमा "दोधमत" (जलाइएका काश्मिरी), "आम नब्बर" (आम जनता), "ब्लिडिङ प्याराडाइज", "क्विट काश्मिर" र "एक्साइल्ड स्ट्रेन्जर" जस्ता नामबाट धेरैले यस्ता साइट सञ्चालन गरिरहेका छन् । अगस्ट १५ को भारतीय स्वतन्त्रता दिवसको अवसरमा फेसबुकमा "स्वतन्त्रता दिवस, हाम्रो लागि होइन" भन्ने सामाग्री राखिएको छ ।

"इन्टरनेट काश्मिरमा वैकल्पिक सञ्चारमाध्यमको रूपमा उदाउँदो छ किनभने यी युवाले ज्यादाजसो जनताका दुःख, पीडालाई झल्काउने दृश्य सामाग्री राखेका हुन्छन् । यी विषयलाई जानेर वा नजानेर मूलधारका सञ्चारमाध्यमले बेवास्ता गरिरहेका छन्," काश्मिर विश्वविद्यालयमा मानव अधिकार अध्यापन गर्ने सेख सौकत बताउँछन् ।

ब्रोडब्यान्ड इन्टरनेट सेवा सञ्चालन गर्न सन् २००५ देखि काश्मिरमा अनुमति दिइएको छ । "यो सेवा आरम्भ हुनासाथ प्रविधिमा रुचि राख्ने युवाले परम्परागत सञ्चारमाध्यमले समेट्न नसकेका विषयलाई कसरी सार्वजनिक गर्ने भनेर नाम कमाइसकेका थिए," सौकतले थपे ।

"मेरो विचारमा काश्मिरका विषयमा जनताले पाइरहेका जानकारीलाई कसरी चित्राङ्कित गर्ने भनेर यस्तो कार्यले मद्दत गर्दछ," अन्तर्राष्ट्रिय मञ्चहरूमा काश्मिरको स्वतन्त्रताको पक्षमा वकालत गर्ने समाजशास्त्री अङ्गना चटर्जीले भनिन् । "मैले यी दृश्य सामाग्रीलाई अन्तर्राष्ट्रिय मञ्चहरूमा देखाउने गरेकी छु र यसैमार्फत् काश्मिरमा के भइरहेको छ भनेर बताउने गरेकी छु । यसले बहस र छलफल गर्न प्रोत्साहन गर्दछ ।"

रसिक भन्छन्, "वेभले अवरोधलाई कसरी हटाउँछ भनेर सिकाउँछ । अधिकारीहरूले मूलधारका सञ्चारमाध्यममा अङ्कुस लगाउन सक्छन् तर वेभमा सक्दैनन् । यही नै वेभको शक्ति हो । त्यही भएर हामीले यसलाई बढी मात्रामा प्रयोग गर्न चाहेका हौं ।"

बेलायतले भारतलाई स्वतन्त्रता दिने र मुस्लिम बहुल क्षेत्र पाकिस्तानलाई भारतबाट अलग्याएपछि नै काश्मिरको समस्या सन् १९४७ देखि आरम्भ भएको हो । यसैबीच, राष्ट्रसङ्घको प्रस्तावले काश्मिरीहरूलाई हिन्दु बहुल भारत वा पाकिस्तान वा स्वतन्त्र हुनेगरी विकल्प दिएको थियो । तर भारत र पाकिस्तान दुवैले काश्मिरी रहेको जमिनमाथि दाबी गरेपछि उनीहरूले आफ्नो विकल्पमा समर्थन जुटाउने मौका पाएनन् । आजको आधुनिक काश्मिरको झण्डै एकतिहाई भाग पाकिस्तानको नियन्त्रणमा रहेको छ भने बाँकी भारत अधिनस्थ छ । तर, धेरै काश्मिरी यस व्यवस्थाको विरोधमा छन् र भारतमा बसोबास गरिरहेका केही युवाले सन् १९८९ देखि सशस्त्र विद्रोह समेत सञ्चालन गर्दै आएका छन् ।

पछिल्ला वर्षहरूमा धेरै काश्मिरी युवाले हिंसात्मक सङ्घर्षलाई थाँती राखेर प्रदर्शनका भिन्न तरिका अपनाउन थालेका छन् । पछिल्ला दुई वर्षमा विगतको जस्तो हिंसात्मक क्रियाकलाप त्यागेर यहाँ सडक प्रदर्शन र भारतीय सुरक्षाकर्मीमाथि ढुङ्गा प्रहार गर्ने प्रचलन बढेको छ ।

"काश्मिरीहरूले विश्वको बदलिँदो परिवर्तनलाई बुझ्न थालेका छन् किनभने आजको विश्वले आफ्ना माग पूरा गराउन हिंसाको प्रयोगलाई रुचाइरहेको छैन । त्यसैकारण उनीहरूले सोहीअनुरूप आफ्नो सङ्घर्षलाई अघि बढाएका छन्," काश्मिर विश्वविद्यालयमा अध्यापन गराउने राजनीतिक टिप्पणीकार प्रोफेसर गुल मोहम्मद वानीले बताए ।

घरमा गरिरहेको कामप्रति रसिक खुशी भए पनि अन्य भने सडकमा हुने प्रदर्शन र साइबरमा भेला हुने गर्छन् । श्रीनगरको माथिल्लो क्षेत्रमा बसोबास गर्ने एकजना नाम बताउन नचाहने युवाले भित्ते लेखन, साइबर विरोध र यहाँस्थित भारतीय सुरक्षाकर्मीमाथि ढुङ्गा हान्ने गरिरहेको बताएका छन् ।

"यी सबै क्रियाकलापका निम्ति म अवश्य समय मिलाउँछु । आवश्यक कुरा भनेको तपाईंको प्रतिबद्धता मात्र हो," उनले भने । "हामी विश्वलाई बन्दुकले मात्र ध्यानाकर्षित गर्न सकिन्छ भन्ने पक्षमा छैनौं ।"

काश्मिरमा राजनीतिक क्रियाकलापका निम्ति साइबरको प्रयोग गर्दा कुनै गिरफ्तारी गरिएको भने छैन र कुनै पनि दृश्य सामाग्री आदानप्रदान गर्न वा सामाजिक सञ्जाल वेभसाइट चलाउने कार्यलाई बन्द गरेको छैन । काश्मिरमा ५० हजारभन्दा बढी इन्टरनेट प्रयोगकर्ता रहेका छन् ।

तैपनि, काश्मिरी "विद्युतीय प्रदर्शनकारी" ले आफूहरू जोखिम लिन भने चाहँदैनन् । "यी सुरक्षा निकायहरूले बौद्धिक स्वतन्त्रता वा अभिव्यक्तिको स्वतन्त्रतालाई सम्मान गर्ने सम्बन्धमा जानकार छैनन् । उनीहरूले चाहे भने कुनै पनि समयमा विद्युतीय प्रदर्शनमा संलग्न भएको आरोपमा व्यक्तिलाई पक्राउ गर्न सक्छन्," बुरहान भन्न रुचाउने एकजना युवाले बताए ।

तर अधिकारकर्मीहरू आफ्नो वास्तविक नाम बताउन हिचकिचाउँदैनन् । "पचहत्तर दिन, ६४ जना, ५७ वटा हड्ताल, ५२ वटा कर्फ्यु, २०० घाइते, १,५०० गिरफ्तार, निहत्था काश्मिरी विरुद्ध भारतीय सुरक्षाकर्मी," श्रीनगरस्थित नागरिक समाज ऐक्यबद्धताका संयोजक खुर्राम पर्वेजले अगष्ट २९ मा आफ्नो फेसबुकमा लेखेका छन् ।

# नायव महानिरीक्षक गुरुङ्गबाट संचार तालिम उद्घाटन

काठमाडौं, सशस्त्र प्रहरी नायव महानिरीक्षक महावीर गुरुङ्गले सशस्त्र प्रहरी बल प्रधान कार्यालयमा संचालित सि.सं १७ रेडियो संचार तालिमको आज एक कार्यक्रमका बीच उद्घाटन गर्नुभयो । सशस्त्र प्रहरी नायव महानिरीक्षक गुरुङ्गले त्यसअवसरमा संचारको महत्वमाथि प्रकाश पार्नुहुँदै खबर आदानप्रदान गर्न संचारको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्नुभयो ।

उहाँले तालिमलाई वृत्तिविकास गर्ने एउटा सुवर्ण अवसरको रुपमालिई यसबारे बढीभन्दा बढी सैद्धान्तिक एवं व्यावहारिक ज्ञान हासिल गर्न प्रशिक्षार्थीहरू सक्रियभई लाग्नुपर्ने बताउनुभयो । संगठनको कामकारवाहीलाई अझबढी समयसापेक्ष एवं छिटोछरितो बनाउदै कार्यक्षेत्रमा उपलब्धीमूलक सफलता प्राप्तगर्न संचारका प्रविधिहरूबाट उल्लेख्य सहयोग पुग्ने सशस्त्र प्रहरी नायव महानिरीक्षक गुरुङ्गले बताउनुभयो ।

कार्यक्रममा सशस्त्र प्रहरी उपरीक्षक प्रजाभक्त श्रेष्ठले धन्यवाद ज्ञापन तथा तालिमका प्रमुख शिक्षक सशस्त्र प्रहरी नायव उपरीक्षक बीरसिंह शाहले तालिम सम्बन्धी योजना प्रस्तुत गर्नुभएको थियो ।

सशस्त्र प्रहरी बल तालिम महाविद्यालय लामापाटन पोखराको तत्वावधानमा संचालित एक महिना अवधिको उक्त तालिममा अधिकृत तथा जवान गरी कूल ५८ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको छ । यसैगरी सशस्त्र प्रहरी बल रक्तकाली गण सुर्खेतमा संचालन हुने सि.सं. ९९ पतिपत्ति तालिमको सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक निराकारम बिक्रम शाहले प्रथम प्रवचन गर्नुभयो ।

त्यसअवसरमा सशस्त्र प्रहरी बरिष्ठ उपरीक्षक निराकारम बिक्रम शाहले तालिमबाट व्यावसायीक क्षमता अभिबृद्धि हुनुकोसाथै कार्यशैलीमासमेत फरकपन आउने चर्चा गर्नुहुँदै प्रशिक्षार्थीहरूले अनुशासित एवं लगनशील भएर तालिम सम्पन्न गर्ने विश्वास व्यक्त गर्नुभयो । सो गणका गणपति सशस्त्र प्रहरी उपरीक्षक राजु अधिकारीले कार्यक्रममा धन्यवाद ज्ञापन गर्नुभएको थियो भने तालिमका प्रमुख शिक्षक सशस्त्र प्रहरी निरीक्षक राजनलाल श्रेष्ठले तालिम सम्बन्धी योजना प्रस्तुत गर्नुभएको थियो ।

# चोरीपैठारीको विभिन्न सामान बरामद

काठमाडौं । बर्दिया जिल्लाको कालिका ८ स्थित टिल्कान भन्ने स्थानबाट एपीएफ टोलीले करीव सवा लाख रुपैयाँ बराबरको रसायनिक मल तथा खाद्यान्नसहित एउटा ट्याक्टर बरामद गरेको छ । भन्सार छली भे.१च १७०६ नम्बरको ट्याक्टरमा ल्याइएको ९४ बोरा रसायनिक मल र ५८ बोरा चामलसहितको उक्त ट्याक्टर सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय बर्दियाबाट खटिएको एपीएफ टोलीले हिजो बरामद गरेको हो ।

एपीएफ टोलीले बरामद सामान तथा ट्याक्टर आवश्यक कारवाहीको लागि भन्सार कार्यालय गुलरियामा बुझाएको छ । यसैगरी चोरीपैठारी गरी ल्याइएको एकसय ७२ थान मोवाइल सेट तथा ल्यापटपलगायतको इलेक्ट्रोनिक्स सामानसहित एउटा गाडी र दुई जनालाई एपीएफ टोलीले बाँके जिल्लाको नेपालगंजस्थित पुष्पलाल चोकबाट पक्राउ गरेको छ ।

भारतको लखीनपुर घर बताउने बिशाल मिश्र र विकास शुक्लालाई सशस्त्र प्रहरी बल सीमा सुरक्षा पोष्ट जमुनाहबाट खटिएको एपीएफ टोलीले हिजोसाँझ उक्त सामान र भारतीय नम्बरप्लेटको कारसहित पक्राउ गरी आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाएको छ । यसैगरी पर्साको वीरगंजबाट एपीएफ टोलीले गएराति करीव ८९ हजार रुपैयाँ बराबरको खाद्यान्नलगायतको सामाग्री बरामद गरेको छ ।

सशस्त्र प्रहरी बल राजस्व एवं भन्सार सुरक्षा वेस वीरगंजबाट गस्तीमा खटिएको एपीएफ टोलीले बरामद गरेको चोरीपैठारीको उक्त सामान आवश्यक कारवाहीको लागि स्थानीय भन्सार कार्यालयमा बुझाइएको छ ।

# एपीएफ टोलीद्वारा पटका बरामद

पर्सा । पर्सा जिल्लाको वीरगंजबाट एपीएफ टोलीले हिजो दुईसय प्याकेट पटका बरामद गरेको छ । उक्त पटका सशस्त्र प्रहरी बल राजस्व एवं भन्सार सुरक्षा वेस वीरगंजबाट खटिएको एपीएफ टोलीले जाँचगर्ने क्रममा बरामद गरेको हो । सो वेसबाट सशस्त्र प्रहरी सहायक निरीक्षक चित्र घिसिङ्गको कमाण्डमा खटिएको एपीएफ टोलीले बरामद गरेको उक्त पटका हिजै स्थानीय प्रहरीलाई बुझाइएको छ ।

यसैगरी सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय सर्लाहीबाट खटिएको एपीएफ टोलीले सोही जिल्लाको भेली गाविसको भेलीचोकबाट हिजो करीव १० हजार रुपैयाँ बराबरको ४८ प्याकेट पटका बरामद गरेको छ ।

# Human Rights Violations in Kashmir

**Sajjad Shaukat**

Although the human rights violations in the Indian-held Kashmir has been continuing by the Indian security forces since the partition, yet the same practice has intensified in wake of the current phase of Kashmir struggle which began on August 12, 2008 when Indian forces killed Hurriyat Conference leader Sheikh Abdul Aziz along with five other persons who were protesting against the government decision to allot 800 kanal of Kashmiri land to a Hindu shrine.

However, seeing no progress for the resolution of Kashmir issue, in 2008, Kashmiri once again renewed their peaceful protests. In a dangerous pattern more than 300 persons mostly teenagers, were killed since January this year in disproportionate use of force mainly by the Indian police and paramilitary troops. Indiscriminate firing by the Indian security forces have become a routine matter, while quelling the peaceful protests.

According to a recent report on Human Rights violations in Indian Occupied Kashmir by Indian Army and its paramilitary forces, there have been deaths of 93,274 innocent Kashmiri from 1989 to June 30, 2010. Besides this alarming figure of open killings by its security forces, there have been 6,969 custodial killings, 117,345 arrests, destruction, and razing of 105,861 houses and other physical structures in the use of the community as a whole. The brutal security forces have orphaned over 107, 351 children, widowed 22,728 women and gang raped 9,920 women. In June 2010 only, there have been 33 deaths including four children besides, torturing and injuring 572 people. The brutal Indian security forces molested eight women during the month of July. This brief account indeed, is the reality of Indian achievements on which they are trumpeting for their success in the Kashmir through counter insurgency operations.

Over the two decades of violence in Jammu and Kashmir, Human Rights Watch has documented numerous failures to ensure protection of human rights. It has called for the repeal of laws such as the Jammu and Kashmir Disturbed Areas Act, the Armed Forces (Jammu and Kashmir) Special Powers Act, and the Public Safety Act. These laws provide the armed forces with extraordinary powers to search, detain, and use lethal force, leading to numerous human rights violations. They also provide immunity for security forces. Prosecutions of security force personnel, even where the facts are well established, are rare.

While in its various reports, Amnesty International has also pointed out grave human rights violations in the Indian occupied Kashmir by indicating: "The Indian government's disregard for human rights in Jammu and Kashmir means in practice that people reportedly died in custody in Jammu and Kashmir and that the whereabouts of the "disappeared" persons continue to be unknown…government forces continue to commit serious violations of humanitarian law…the Muslim majority population in the Kashmir Valley suffers from the repressive tactics of the security forces. Under the Jammu and Kashmir Disturbed Areas Act, and the Armed Forces (Jammu and Kashmir) Special Powers Act, security forces personnel have extraordinary powers including authority to shoot suspected lawbreakers, and to destroy structures suspected of harboring militants or arms."

Kashmir Quarterly has reported, "Indian Forces killed a number of citizens, torched mosques, shops and houses in various parts of the valley. As a result, there were demonstrations in many cities. Troops desecrated the central Srinagar mosque and tortured worshippers whom they found inside."

It is notable that there has been a routine failure of justice in Jammu and Kashmir. In the recent past, hundreds of unidentified graves with more than 3000 bodies were discovered in the Indian-held Kashmir. Sources have accused Indian RAW of the custodial killings of the Kashmiri people through brutal methods. In this context, even the European Parliament has passed a resolution, condemning New Delhi for human rights violations.

It seems that non-condemnation of these Indian acts of massive human rights violations by the so-called civilized international community has further encouraged India to step-up its brutalities on the armless Kashmiri masses. Indian authorities are not willing to talk with Kashmiri people on political grounds. India perhaps reached to a conclusion that only bullet is the right way of dealing with Kashmiris, demanding their right of self-determination. Surprisingly, Indian successive governments are trying to ignore the dynamics of the Kashmiris' movement for the freedom from the Indian rule. This indeed is the continuation of their resistance against the Dogra Rule, started in early part of the 20th century.

Nevertheless, human rights abuses have been a part of a campaign by the Indian army against Muslim Kashmiris. The abuse is manifested in the following types of violations: burning the houses, torture, disappearances, rape, molestation of Muslim women and killing of persons through fake encounter.

On the one hand, India claims that Kashmir uprising has slowed down and the situation is returning towards normalisation, while on the other, Kashmir movement has intensified in the recent weeks.

In this connection, on July 10 this year, a rigid curfew was imposed in most of Indian-held Kashmir (IHK), while shops and businesses were closed and public transport was off the roads after the All Parties Hurriyat Conference declared a strike. During strike, none of the nearly 60 newspapers published from Srinagar for four days.

The clampdown in IHK has come after street protests and clashes, surged in the controlled territories, and more than 30 people have died over the past six weeks in shootings by the police and paramilitary soldiers. Despite curfew-like restrictions, arrests and detentions, Kashmir movement continues unabated.

It is mentionable that owing to the new strategic alliances, India has become a partner of the major powers like the US, Russia, UK, Germany and France. These major countries have their political and economic stakes in India. That is why, they are silence over Indian human rights violations in the controlled Kashmir.

Besides, there is a big question mark on the role of the United Nations Organization (UNO) in connection with the Indian held Kashmir?the only International Organization, mandated to redress the oppressed people of the world. The organization has badly failed to implement its responsibilities and its own resolutions towards a rightful solution of the issue.

There is a need of awakening the international conscious. Closing of the eyes and ears by the international community on the massive human rights violations in Kashmir by Indian security forces would not end the issue. Rather the seething protest against Indian human rights violation would endanger the world peace

There can be no lasting political settlement in Kashmir unless human rights abuses that have fueled the insurgency are addressed. However, there has been no policy change in the repressive activities of Indian security forces. Indian security forces continued human rights violations in Kashmir unabated.

# India replays its own Abu Ghraib and the civilized world looks on....

**Special Correspondent**

A three minute video clip showing some young Kashmiri Muslim boys being paraded naked by the India's Central Reserve Police Force (CRPF) in Sopore town of North of occupation Jammu and Kashmir has triggered outrage in the valley.

The clip titled 'Indian Army repeating Abu Ghraib in Kashmir' is doing rounds on the popular social networking site, Facebook after it was uploaded by a user on the intervening night of September 6-7. The video shot with a mobile phone camera at an unknown location shows several alleged stone pelters being paraded naked by the troops and police through paddy fields. The video has been packaged with subtitles and background music.

The video contains disturbing scenes of brutality unleashed by Indian soldiers on Kashmiri young men in Sopore region of the Valley. Video clearly showes young men have been stripped naked and are being paraded through their village by Indian soldiers.

The clips also shows that Indian occupation forces hurling choicest abuses at the youth allegedly detained during clashes between protesters and the forces. The stripped youth are also forced to raise their hands leaving their private parts uncovered. The security men are also heard mocking the plight of the detained youth.

The video has sent shockwaves and stirred a debate among the tens of thousands of users on Facebook. The video shared by outraged Kashmiri youth with their online friends and contacts has evoked sharp condemnation from the Facebook users across the globe, including India. Some of the users have even compared the abuse of the alleged stone pelters by the forces with the prisoners of infamous Abu Ghraib jail in Iraq.

"I am daughter of an Indian army officer. I'm embarrassed and shocked," comments, Avleen Gill, a graduate from Saint Bede's college. Asrar Nazir, a Kashmiri, writes that Aman Goth, the General in Hitler's Army was hanged in public for parading Jews naked in a concentration camp in Poland. In India, he says, "democracy exists on papers only."

"It's a shocking and brutal act. Is this the democracy India is proud of?" he adds.

Another Kashmiri Facebook user, "Karim Nanvor" comments that he was not surprised by the video as double standards were the bench mark of civilized nations.

"World sees India as a rising power which can do nothing wrong. It is our duty to keep world updated."

Kaptaan Singh, a resident of North India's Punjab state comments: "After looking at this video, I feel ashamed to call myself Indian."

"See how Indian troops humiliate Kashmiris. Where are the champions of the human rights? Dr Waleed Sheikh, a Kashmiri working in Uzbekistan asks.

Noted human rights activist and Programme Coordinator of Jammu and Kashmir Coalition of Civil Society (JKCCS), Khurram Parvez said such incidents are not new and have occurred in the last 20 years of conflict, especially in jails and interrogation camps where youth were subjected to severe physical torture.

"There is nothing new in the video clip. Stripping off the detainees, parading them naked and inserting wire in their private parts was a normal practice in jails and interrogation centers. The video has created a furor because it has been released in public domain," Khurram said. "Now we have to see how the civil society reacts to this revelation. We have to see if this clip pricks the conscience of Indian masses," he adds.

Pertinently, last year police had allegedly forced 11 youth to sodomize each other during their detention at Maharaj Gunj police station on the charges of stone pelting. Police, according to the counsel of the youth, Advocate Bashir Sidiq had also filmed the incident.

# किन मौन छन् समाजशास्त्रीहरू

*राजन कार्की*

डा. तारानाथ शर्माले भदौ १६ गते नयाँ खबरकागजमा लेख्नुभयो- 'कृतघ्न नेपाली बौद्धिक जगत ६४-६४ जनाको लावालस्कर लिएर हस्तिनापुरको शोभायात्रातर्फ लागेका कमण्डलुधारी बाबाको प्रशस्ति गाउनतिर एकोहोरियो। भोजन, भत्ता र भारतीय भीक्षाको लोभमा राल काढ्दै राष्ट्रको धन मोजमज्जा र वायुयान भ्रमणमा स्वाहा पार्न पल्केको यो निकृष्ट र भ्रष्ट भीडलाई हाम्रो राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता, स्वतन्त्रता र विकासप्रति कुनै चासो पनि छैन र वास्तवमा चेतना वा ज्ञान पनि छैन। कुर्सी प्राप्ति र रक्षाको यस अन्धमोहले यी हठधर्मीहरूलाई महमा डुबेको भिँगासरह तुल्याएको छ।' भानुभक्त आचार्य, भीमनिधि तिवारी, लेखनाथ पौड्याल, बाबुराम आचार्य, बालकृष्ण सम, पारसमणि प्रधान, महाकवि देवकोटाको जन्मजयन्ति राज्यले भुलेको आक्रोश थियो यो।

आजभन्दा ५७ वर्ष अगाडि दार्जिलिङ्गको चोकबजारमा उभिएर महाकवि देवकोटाले बोलेका ऐतिहासिक वाक्यको सम्झना भइरहेछ। 'सम्पूर्ण रोम महानगरी भयावह आगोमा दन्दनी सल्किरहेको थियो तर सम्राट नीरो भने बेफिक्रीसित वीणा बजाइरहेका थिए।' आजको लोकतान्त्रिक नेपालका लोक सम्राटहरू निरोजस्तै बनेर जनताका पसिनामा स्वास्नी, छोरा र आफन्तलाई च्यापेर विदेश घुम्न गइरहेछन्। विदेशी दरवारहरूमा चाकडीवालाहरूको पल्टन पछि लगाएर भोजमा मग्न भइरहेछन्। असरल्ल नेपालका निःसहाय र निमुखा नेपाली जनता सामान्य औषधि र उपचारसमेत नपाएर भुकु-भुकु मर्दैछन्।

कृष्णप्रसाद पराजुलीले पूर्व १ नम्बर ग्रन्थ लेख्दा 'जन्मेको माटालाई माया गरेर राम्रो गर्नुभयो, धन्यवाद' भन्ने एकजना पनि बासुदेव लुइटेल आज छैनन् भनेर थक्क-थक्क मान्नुभएको छ। यी तिनै बासुदेव लुइटेल हुन् जसले उत्तराधिकारीलाई खाँदा- 'होस हराउने चीजबीज नखानु, लाउँदा- भड्किलो देखिने लुगा नलाउनु, काम गर्दा- इमानदारी र मेहनतका साथ गर्नु र ज्याला लिदा- चलनचल्तीअनुसार मात्र लिनु' भनेर ज्ञान दिएर गएका थिए। आज सक्कली दाँत देखाएर नक्कली हाँसो हाँस्ने र बेइमानसँग मितेरी गाँस्ने राजनीति प्रभावित हाम्रो समाजमा महाभारतका बिदुरजस्ता बासुदेव कतिजना होलान् ?

राजा महेन्द्रबाट कविकेसरीको पदवी पाएका चित्तधर हृदय यस्ता व्यक्ति हुन्, जसले राणा शासनको जेलमा साधना केन्द्र खोलेका थिए। उनका जेलका सहयात्री थिए- गणेशमान सिंह, पत्रकार फत्तेबहादुर सिंह, कलाकार चन्द्रमान मास्के र कवि सिद्धिचरण श्रेष्ठ। देश र जनताको आवाज बुलन्द गर्ने अर्का कवि थिए- युद्धप्रसाद मिश्र। जनहृदयको हुङ्कार निकाल्ने युद्धप्रसाद मिश्रका रचनाहरू १९८६ मा भीमशमशेरले पाण्डुलिपि नै च्यातिदिएका थिए भने अमर कथा भन्ने किताब छापिदा छापिदै जफत गरेका थिए। यी तिनै युद्धप्रसाद हुन्, जसले नेपाल र नेपालीका लागि राणाको जेलनेलको पर्वाहसमेत गरेनन्। आजका लोकनेताहरू युग चेतना छर्ने स्रष्ठाहरू, राष्ट्रका सौन्दर्य र जनताका पक्षलाई रक्षानमा फोकिरहेका छन्। समाजका निर्देशक समाजशास्त्रीहरूभित्र बिबेक सिद्धियो क्यार ? चेतनाहरू राजनीतिका आँखामा किन यति साह्रै कसिङ्गर बनेर बिझाएका होलान् ?

आजका समाजका अगुवाहरू बटर दलेको बकस खाने बर्गमा पर्छन् र यो बर्ग बढ्दै गइरहेको छ। राहुकेतु राजनीतिमा हावी छ र टपरे नेताहरू राज्य नेतृत्व सम्हालिरहेका छन्। राष्ट्रवादको एउटा चौतारो भत्काउने धेरै निस्किए, अर्को चौतारो चिन्ने केही भएनन्। राजनीति नेपालमुखी हुनुपर्ने हो, भारतमुखी हुनपुगेको छ। होण्डुरसको जस्तो जेनोसाइडको विष फैलदै गएको छ। एकता, मुक्ति र शान्तिको खोज सुरु नै भएको छैन। हरेक बर्गका अगुवाहरू भोजमा मस्त छन्। अगुवा भ्रष्ट भए पछि समाज र राष्ट्रमा बिकृति बढ्छ।

झट्ट सुन्दा प्रत्येक पार्टीका अभिव्यक्ति राष्ट्रवादी छन् तर तिनका व्यवहार र चरित्र अराष्ट्रवादी। देश निर्माणको अवस्थामा समाजशास्त्रीहरूले नेताहरूलाई सही बाटो देखाउनु पर्ने हो, समाजशास्त्री आफै दिग्भ्रमित हुनपुगेका छन्। राजनीतिमा अनेक घटना घट्न सक्छन्, तर राष्ट्रभक्ति बिभाजित हुन दिनु हुँदैनथ्यो। नयाँ नेपाल बनाउने आवरणमा देशलाई बाइसे वा चौबिसे राज्यको अवस्थामा पुऱ्याउन खोज्नु भनेको मुटु फक्लक्कै टुक्रा पार्नु हो। सम्हालीनसक्नुको समस्या सिर्जना भइसक्दा पनि समाजशास्त्रीहरू बोल्दैनन्, किन ?

शासन- नीति, बिधि र सिद्धान्तले चलाउनु पर्छ। शासनमा लोककल्याणकारी शासनका गुणहरू विद्यमान रहनैपर्छ। लोकतिर फर्केको शासन विदेशमुखी हुन सक्दैन। सत्तामा नेपाली बसेका देखिन्छन्, निर्णय विदेशबाट आउँछ। यो राजनीतिक दिवालियापन, बौद्धिक अपाङ्गता र पाङ्ग्रा खुस्किएको रथजस्तो भएन र ? यो वास्तविकता घामजत्तिकै छर्लङ्ग हुँदा पनि समाजशास्त्रीहरू रहस्यमय साधिरहेका छन्। समाजशास्त्री माटोमाथि कहाँनेर उभिएका छन् ? के समाजशास्त्रीहरू पनि स्वार्थशास्त्रीमा परिणत भइसके ?

के बुद्धिजीवीहरूले, विज्ञ, बिधिशास्त्री र समाजशास्त्रीहरूले कुनै एउटा दलको झोला बोक्नैपर्छ ? म यो दलको भनेर निधारमा टीका लगाउनै पर्छ ? यिनीहरू साझा र देशका सम्पत्ति बन्न सक्दैनन् ? यस्तो परिदृश्य देख्दा नेपाल राष्ट्र कङ्गाल भयो भन्दा हुन्छ। एउटा बुद्धिजिवीले जब बाँच्नका लागि, स्वार्थपूर्तिका लागि, अवसरका लागि, विवेकलाई कुनै दलको स्वार्थमा थिचेर, किचेर बन्दक राख्नुपर्ने अवस्था आउँछ, त्यो देश 'निरोको देश' नेपाल हुन्छ। गैरन्यायिक अपराध र बढ्दो दण्डहीनताले बिधिलाई बलात्कार गरिरहेको हुन्छ। न्यायाधीश हुनका लागि कुनै नेताको चाकरी गर्नुपर्ने, पद बचाउन कुनै दलको सदस्य बन्नुपर्ने र कुनै दलको सिफारिस सबैभन्दा ठूलो योग्यताको प्रमाण हुन्छ, यो देशमा बिधिको शासन छ भनेर कसरी मान्ने ? यस्तो देश मेरो नेपाल हो, जहाँ चाकरी नगर्ने कुनै पनि काविल व्यक्ति पियनदेखि संवैधानिक अङ्ग अथवा स्थानमा नियुक्त, सरुवा वा बढुवा हुन सक्दैन। नागरिकले राज्यका सुविधाका लागि समेत राजनीतिकरण हुनुपर्ने अवस्था विकसित भइसकेको छ। यसरी अन्याय र असमानता बढ्दा पनि समाजशास्त्रीहरू राष्ट्रका लागि बोल्दैनन्, जिब्रो तालुमा टाँसेर बस्छन् भने नेपालको स्वतन्त्रता कुन हदमा साँघुरिसकेछ ?

राजनीतिले कहिलेकाहीं बाटो बिराउँछ। संक्रमणकालमा त यसको सम्भावना झनै प्रवल हुन्छ। आजको नेपालमा राजनीति मूलबाटोमा छैन। यस्तो अवस्थामा खगेन्द्र संग्रौला, श्याम श्रेष्ठ, सुन्दरमणि दीक्षित, कनकमणि दीक्षित, कृष्ण पहाडी वा डा. देवेन्द्रराज पाण्डेजस्ता स्वनामधन्य नागरिक समाज र आलोचकहरूले बरालिएका संविधानसभा, सरकारका पाइलाहरूलाई 'खबरदार' भनेर प्रभावकारी नागरिक मत तैयार गर्न अघि सर्नुपर्थ्यो। बुद्धिनारायण अथवा गणेशराज शर्माहरू बोल्नुपर्थ्यो। एकजना भीमार्जुन आचार्य प्रकट भएका छन्, उनलाई पनि मार्ने धम्की आएछ। मान्छे भनेको सिकार खेल्ने जनावर हो ? पत्रकारहरू केही लेख्न थालेका थिए, रोक्न बन्दूक दागियो, बन्दूक ताकियो। नागरिक समाजको बोली नफुट्नाले यसैगरी 'लोकतान्त्रिक रक्तपात र आतङ्कवाद' बढ्दै गएको छ।

तमलोपाका नेता महन्थ ठाकुरले प्वाक्कै भनेका छन्- एक मधेस हुन्न भने एक नेपाल पनि रहन्न। राजनीतिक भागबण्डाको झगडामा राष्ट्र टुक्र्याउने कुरा कहाँबाट आयो ? के राष्ट्र भनेको दलहरूले भागबण्डा गरेर खाने केकको टुक्रा हो। जसलाई जतिखेर मनलाग्यो, उतिखेर जति टुक्रा पारे पनि हुन्छ ? यसरी राष्ट्र बिखण्डन गर्ने कुरा उठाउने व्यक्ति संविधानसभामा छ। हिन्दी राष्ट्रभाषा हुनुपर्छ भन्ने व्यक्ति उपराष्ट्रपति बनेको छ। बिखण्डनका श्वरहरू क्षेत्र-क्षेत्रमा चर्किदै गएका छन्। धतुरो झार्नुपर्ने नेता राष्ट्र बिखण्डन गर्न आतूर देखिदैछन्। तैपनि सुसुप्त राष्ट्रवाद जागेको छैन। नागरिक समाजका अगुवाहरू मौन छन्। पार्टीको अधिकारका लागि बोल्ने मानवाधिकारवादीहरू राष्ट्राधिकारका बारे बोल्दैनन्। नेता, समाजशास्त्री अथवा विज्ञ हुनुको नैतिक धरातल हुन्छ कि हुन्न ?

देश शान्ति भन्दाभन्दै युद्धको सघारमा पुगिसक्यो। राजस्व घिच्नेहरू राज्यधर्म निर्वाह गरिरहेका छैनन्। जनतालाई भ्रममा राख्ने राजनीतिक बर्ग बौद्धिक समुदायलाई बँधुवा बनाइरहेको छ। बिद्रोह गर्नुपर्ने र लक्ष्य हराएकालाई सन्मार्ग देखाउनु पर्ने बुद्धिजीवी र समाजशास्त्रीहरू दूधे बालक बनिरहेका छन्। राजनीतिले गंगा नुहाएर नेपालको काजक्रिया गर्न थालिसकेको छ। कम्तिमा समाजशास्त्रीहरू त यति डरलाग्दो बेइमान नहुनु पर्ने हो, देश बालेर आगो नताप्नु पर्ने हो। समाजशास्त्रीहरूबाट समाजका प्रति यति ठूलो धोका, कति निठुरी भएका समाजका अगुवाहरू ? यी अगुवा नै हुन् कि भगुवा ?

किन मुख खोल्दैनन् समाजशास्त्रीहरू ? समाज राजनीतिक फोहरको पहाड बनिसक्दा केही त बोल विज्ञ, व्यवस्थापक र समाजशास्त्रीहरू ? कहाँ छन्, समाजशास्त्रीहरू ?

## सार्वजनिक स्थान होडबाजीको सिकार

सुर्खेत/वीरेन्द्रनगरस्थित मङ्गलगढी चोकका अन्य दुई नाम पनि छन्( बिपीचोक र अखिलचोक। ऐतिहासिक मङ्गलगढीलाई राजनीतिक आस्थाका आधारमा फरकफरक नाम दिइएको हो। नेपाली काँग्रेस समर्थकले बिपीचोक र अनेरास्ववियुका कार्यकर्ताले अखिलचोक भने पनि उक्त स्थानलाई सर्वसाधारण अझै मङ्गलगढी चोकका नामले चिन्छन्।

मङ्गलगढीमात्र होइन, पछिल्लो समय सुर्खेतका थुप्रै ऐतिहासिकस्थल राजनीतिक आस्थाका आधारमा नयाँ नाम राख्ने होडबाजीको सिकार भएका छन्।सार्वजनिक स्थानहरूको नाम परिवर्तन गर्न निश्चित प्रक्रिया भए पनि यहाँ जथाभावी नाम राख्ने गरिएको छ।वीरेन्द्रनगर नगरपालिकाको नाम सुर्खेत नगरपालिका राख्न डेढ वर्षअघि नगर परिषद्ले निर्णय गरी प्रक्रिया थाल्यो। तर, सरकारले घोषणा गर्नुअघि नै गत वैशाखमा माओवादी कार्यकर्ताले नगरपालिकाको साइनबोर्डमा 'सुर्खेत नगरपालिका' लेखे।

प्रक्रियाविपरीत सार्वजनिक स्थानको नाम परिवर्तन गर्नमा एकीकृत माओवादी अरूभन्दा अगाडि देखिएको छ। माओबादी जिल्ला इन्चार्ज कृष्णप्रसाद धमलाले जनतालाई गणतन्त्रको वास्तविक अनुभूति दिलाउन ती स्थानहरूको नाम परिवर्तन गरेको बताए। उनले भने( 'जनताले अब राजारजौटा होइन, लोकप्रिय नेतालाई सम्झिउन् भनेर नाम परिवर्तन गरेका हौं।' माओवादीले वीरेन्द्रनगर नगरपालिकालाई सुर्खेत नगरपालिका, सुर्खेत बसपार्कलाई राहुल बसपार्क र वीरेन्द्रचोकलाई सहिदचोक नामकरण गरेको छ।

पार्टी नेता ऋषि गौतम (राहुल) को 'षड्यन्त्रपूर्वक हत्या' भएकाले सुर्खेत बसपार्कको नाम राहुल बसपार्क राखिएको धमलाले बताउँदै आए पनि अन्य दलले भने माओवादी शैलीप्रति आपत्ति जनाएका छन्।स्थानीय निकायमा भएको शून्यताको मौका छोपी माओवादीले स्थानहरूको मनपरी नाम राखेको नेपाली काँग्रेसका कोषाध्यक्ष गोविन्द कोइरालाको आरोप छ।

'प्रक्रियाबिना आफूखुसी नाम राख्नुको औचित्य र वैधता दुवै छैन', उनले भने( वीरेन्द्रनगर नगरपालिकाको नाम सुर्खेत नगरपालिका राख्न काँग्रेसले नै प्रस्ताव गरेको भए पनि माओवादीले त्यसको जस लिन कानुनको उपहास गरेको हो। आफूखुसी नाम परिवर्तन गर्ने शैलीप्रति स्थानीय प्रशासन पनि सहमत छैन। प्रमुख जिल्ला अधिकारी वीरेन्द्रबहादुर बानियाँ भन्छन्( 'ठाउँको नाम परिवर्तन गर्न राजनीतिक दल सहमत भएरमात्र हुँदैन, सरकारले नै निर्णय गर्नुपर्छ।'

### उपप्रधानमन्त्रीले...

भोट दिने गोप्य सहमति भएको थियो । तर यो सहमति विथोलियो र असोज १० आठौं चरणको मिति तय भएको छ । यो अवस्थामा आएपछि उपप्रधानमन्त्री गच्छदारले एसएलआर उठाउने धम्की दिंदै मधेशलाई प्रधानमन्त्री दिन आग्रह गर्नु भनेको कांग्रेसलाई जिताउने रणनीतिका रुपमा व्याख्या गर्न थालिएको छ ।

### कांग्रेसको...

कांग्रेस टुक्राएका थिए र ०६४ असोज ९ गते एकीकरण गरेर कांग्रेसलाई एक पारेका थिए, फेरि त्यस्तै टुटफुटको अवस्थामा कांग्रेस पुग्ने आंकलन गरिन थालिएको छन् । यो अधिवेशनमा समावेशी नारा लगाए जस्तै कांग्रेसी अनुहार पनि समावेशी देखिएन भने कांग्रेसको विरासत छिन्नभिन्न हुन सक्ने खतरा देखिंदै छ ।

भीमबहादुर तामाङको कमजोर उपस्थितिका कारण मत विभाजन हुँदा कांग्रेसको लगाम सुशील कोइरालका हातमा पुग्छ कि देउवा दोस्रो पुस्ताका भाग्यमानी बन्ने हुन ? यो प्रश्न सर्वाधिक चासो र महत्वपूर्ण बनेको छ । दक्षिण एसियाको राजनीतिलाई विश्लेषण गर्नेहरूले कांग्रेसको नेतृत्व देउवाको जस्तोसुकै प्रयास विफल भएर सुशील कोइरालाको हातमा पुग्ने दावी गर्दैछन् ।

### तीन नेताको...

निर्वाचनले नयाँ प्रधानमन्त्री दिन्छ, तटस्थ बस्ने र माओवादीले पनि कांग्रेसलाई सघाउनुपर्छ । झलनाथ खानालको दाबी छ १० गते अघि नै नयाँ प्रक्रियाबाट राजनीतिक सहमति हुन्छ । असफल अस्वीकृत र असक्षम ३ नेताको भविश्यवाणी मिल्छ भनेर कसरी भन्ने ? मिल्नु पर्ने ३ नेताका अहिले नै ३ धार देखिदैछ ।

### के चार...

विशेष समितिलाई उपलब्ध गराउने ३) शान्ति प्रकृयाका बाँकी कामहरू २०६७ साल असोज १ गतेबाट आरम्भ गरी पुस मसान्त भित्रमा पुरा गर्ने ४) अनमिनको कार्यावधि पूर्व कार्यदेश अनुरुप अन्तिम पटकका लागि चार महिना थप्ने । सरकार र माओवादीबीच यसभन्दा अगाडि पनि विभिन्न प्रकारका सहमति, सम्झौता सम्झादारी भएपनि त्यस्ता सहमति सम्झादारी सम्झौताहरू लागू नभएकै कारण मुलुक थप सकंटमा परेको छ । २०६७ साल जेष्ठ १७ गते मध्यरातमा संविधानसभाको पदावधि एक वर्ष लम्वाउन सरकार माओवादी अर्थात् तीन दल बीच भएको तीनबुँदे सहमतिअनुसार सरकार र अन्य दलहरूले पालना गरेपनि स्वयं माओवादीले पहिलो बुँदामा रहेको सहमतिको पालना नगरेको हुनाले मुलुक तिन महिनादेखि सरकार विहिन अवस्थामा रहेको हुनाले अहिले भएको सरकार र माओवादी बीचको चार बूँदे सहमति कार्यान्वयन हुन्छ भन्ने कुरामा विश्वास गर्न सक्ने आधारहरू देखिएका छैनन् । यसरी माओवादीले सहमति गर्ने नाममा जे पनि गर्ने तर कार्यान्वयन नगर्ने प्रवृति नै समस्याको प्रमुख बाधक रहेको छ ।

### सुरक्षा...

झापा लखनपुर घर भएका सिवाकोटीले सन १९८२ मा आइएसीको नक्कली प्रमाण पत्र बनाएको छानविनबाट खुलेको हो । २०४४ सालमा प्रहरी सहायक निरीक्षक (असई) बाट नेपाल प्रहरीमा प्रवेश गरेका २०५८ सालमा प्रहरी नायव निरीक्षक (सई) मा बढुवा भएका सिवाकोटी सशत्र प्रहरी बल गठन भएपनि उनी त्यहाँ प्रहरी निरक्षक भएका थिए । उनी २०६२ मा डिएसपी र २०६६ मा एसपीमा बढुवा भएका हुन् । यसरी सत्यसेवा सरक्षणम जस्तो पवित्र पेशामा संलग्न भएका व्यक्तिहरू नै अपराधी प्रवृतिमा लागेर अपराध गरी रहेको हुनाले यस्ता व्यक्तिहरूलाई अहिलेसम्म उनीहरूले खाइपाइ आएको सबै तलबभत्ता लगायतका सुविधाहरू राज्यलाई फिर्ता गराएर अन्य सर्वसाधारण व्यक्ति भन्दा ५ वर्ष बढी जेल सजाय भएको खण्डमा मात्र सुरक्षा निकायमा अपराधीकरण घट्ने थियो कि भन्ने प्रश्न उठेको छ ।

### प्रहरीलाई...

ढिस्को भत्केर मानिसहरू पुरिने गरेको छन् । बालुवाका गाडिहरूले सडक भत्किन र विग्रिन थालेका छन् । प्रहरी नै बालुवाको हलुवा खान थालेपछि समाजमा अपराध बढ्न समेत थालेको छन् । राजनीतिक अस्थिरता र अराजकताको लाभमा काला व्यापारी, भ्रष्टाचारी, समाजविरोधी र प्रहरीहरूका लागि समेत शुभलाभ समय बन्न पुगेको छ ।

### अनमिन...

र व्यवस्थापन गरेर आगामी जेठ १४ गते शान्ति र संविधान सम्भव बनाउने भनिएको छ । यसका लागि मुख्य किचलो बाधा अहिले पनि सरकार नेतृत्व माओवादीले पाउने कि नपाउने भन्ने छ र यसमा माओवादी एक चित्त लगाएर सभासद किन्न समेत तम्सिएको छ ।

जे जस्तो अवस्थामा भए पनि अनमिनको हालीमुहाली र एक पक्षीय चरित्र यथावत कायम हुन गएको छ मुखले अन्तिम पटकका लागि भने पनि माओवादीले छुट्टै पठाइएको पत्रमा अन्तिक पटक नलेखिएको दावी विज्ञहरूको छ । यो अवस्थाले अनमिन ४ महिनापछि पनि हट्छ भन्न सकिने अवस्था छैन ।

### चिनियाँ...

माथि आइलागेको यो संकटलाई राम्ररी व्यवस्थापन गर्न सकेको देखिएन । कहिले महराको आवाज होइन भनेर भन्ने, त कहिले आवाज त हो तर मेरो फोन टेपिङ्ग भो भनेर गलफत्ती गर्ने !! .. आखिर कुरा के हो त ? त्यो प्रष्ट हुनुपऱ्यो । अस्ती एक जना भन्दै थिए, पैसा मागेकै हो भने पनि त्यसमा 'लाज' मान्नु पर्ने कुनै कारण नै देखिदैन । किनभने ०४६ साल पछि जति पनि 'सरकार' हरू बनेका छन्, त्यसमा आधा भारतीय विस्तारवादको प्रभावले 'काम' गरेको छ भने, आधा 'पैसा' (भा.रु) कै प्रभावले काम गरेको तथ्य खोज्न ०४६ साल पछि को नेपाली इतिहास केलाए प्रष्ट हुन्छ । यदी नेपालका लागि सबैभन्दा खतरनाक मानिएको भारतीय विस्तारवादको 'पैसा' खान हुन्छ भने कम खतरनाक भनेर अहिले सम्म चिनिने उत्तरी छिमेकी चीनको पैसा 'खान' चै किन नहुने - ती व्यक्ति त्यसो भनेर प्रश्न गर्दै थिए । यहाँ सरकार बनाउन र गिराउन मात्र होइन कि, जुनसुकै किसिमको आन्दोलन गर्नका लागि पनि भा.रु को खोलो बगाइने गरेको सबैलाई प्रष्टै छ । त, त्यसो भए, चिनियाँ पैसा किन नहुने ? अब देश त यसै गयो, उसै गयो । यस्तो गर्दा ( चिनियाँ पैसा खाँदा) कमसेकम 'चेक एण्ड ब्यालेन्स' त हुन्थ्यो कि ? भा.रु वालाहरूको गालामा अलि अलि भए पनि झापड लाग्दथ्यो कि ? ति बुज्रुक व्यक्तिको यस्तो पनि तर्क थियो । हुनत, यो चिनियाँ पैसा 'खाने' काम पनि नेपाल विरोधी नै हो । तर के गर्ने ? कहिले काहीं नचाहँदा नचाहँदै पनि बाध्य भएर 'खाए हुन्छ' भन्नु पर्दो रहेछ ।... तर यो एमाओवादी किन डरायो – चिनियाँ पैसाको कुराले ? कतै भा.रु को 'स्वाद' पनि खोजेको पो हो कि ? ति बुज्रुकको यस्तो कथनलाई विचार गरेर हाम्रो देशको दूर्भाग्यपनलाई हेरौ त ? ... दलालहरूलाई सुम्पिएका छौं, हामीले हाम्रो यो देशलाई !! .. अब भोगौ !! त क्रान्तिकारी एमाओवादीले आफ्नो यो 'पोल' खुल्यो भनेर 'डराउनै' पर्दैन । अब आफ्नो नाम मै 'माओ' को चीनसँग (तर धेरैको विश्वासमा यो माफियाको पैसा हो रे) 'पैसा' खान किन डराउने ? तर, यो चिनियाँ पैसा काण्डमा पनि अघिल्ला काण्डहरू झै माओवादीले राम्रो सँग व्यवस्थापन गर्न सकेन र नेपालीहरूका अगाडि उसलाई नेपाल विरोधीका रुपमा चित्रित गर्न कांग्रेस, एमाले र राप्रपा अनि मधेशवादी दलहरू सफल भए । त, हरेक मोर्चामा, हरेक संकटहरूमा असफल भए झै यो काण्डमा पनि एमाओवादी असफल नै भयो । भा.रु खानेहरूले चाइनिज पैसाको कोकोहोलो गर्न त्यति सुहाउँदैन थियो । यदि एमाओवादीले यो काण्डलाई व्यवस्थापन गर्न सकेको भए ।

राष्ट्रिय अखण्डता, सामाजिक मर्यादा भेदभावरहित सत्य तथ्य सूचनाको सम्प्रेषण, शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तव्य हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

## सत्ता कब्जा गर्ने धम्की कस्का लागि

काठमाडौं / सरकार र माओवादीबीच चारबूँदे सहमति भएकै दिन एककृित नेकपा माओवादीका वरिष्टठ उपाध्यक्ष मोहन वैद्य किरणले अब जनविद्रोहबाट सत्ता कब्जा गर्नु बाहेकको अन्य विकल्प माओवादी सँग नभएको बताएका छन् । राजधानीको एक कार्यक्रममा बोल्दै उपाध्यक्ष वैद्यले अगाडी भने माओवादीलाई सत्तामा जान रोक्ने षड्यन्त्र गइरहेकोले जनविद्रोह मार्फत् सत्ता कब्जा गर्ने रणनीतिमा माओवादी अगाडि बढेको खुलासा समेत गरको हुनाले माओवादी जसरी भए पनि सत्ता हत्याउन चहान्छ भने कुरालाई थप बल पुऱ्याएको छ ।

उपाध्यक्ष वैद्यले जनविद्रोहको तयारी स्वरुप केन्द्रिय कमिटिले एक महिने आन्दोलनको कार्यक्रम घोषण गरी गाउँदेखि शहरसम्म प्रचार अभियान शुरु गरेको र उक्त समयमा प्रजा पम्प्लेटिङसम्मका कार्य हुने उद्घोष गर्दै माओवादीको प्रमुख उद्देश्य भनेको सत्ता कब्जा गर्नु नै हो भनेका छन् । राजनीतिक गर्नुको प्रमुख उद्देश्य जसरी भएपनि सत्ता कब्जा गरी आफू अनुकूलको राज्य व्यवस्था सञ्चालन गर्नु भएकोले ढिलो चाँडो जसरी भएपनि माओवादीले एक दिन सत्ता कब्जा गरेर देखाइदिने चेतावनी समेत दिएका थिए । मुलुकमा नयाँ जनवादी सत्ता स्थापना गर्ने उद्देश्यका साथ माओवादीले १० वर्षे सशस्त्र संघर्ष, शान्ति आन्दोलन गरेको दावी गर्दै आगाडी भने शान्ति संविधान प्रक्रिया माथि खेलावाड भएमा हाम्रो पार्टीले आन्दोलनको नेतृत्व लिनेछ ।

यसरी पार्टी अध्यक्ष चाही शान्ति सम्झौतालाई उचित निष्कर्षमा पुऱ्याउन सरकारसँग सहमति गर्ने तर सोही पार्टीका वरिष्ठ उपाध्यक्ष चाहिँ अझै पनि धम्कीपूर्व शैलीमा सत्ता कब्जा गर्ने उद्घोष गर्नुले माओवादी आफ्नैपनि शान्तिपूर्ण मार्गमा आएको आभास पाइएको छैन । नौ महिना सम्म सत्ताको बागडोर हातमा लिएको पार्टी र अहिले संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको पार्टीले आवेशमा आएर सत्ता कब्जा गर्ने कुरा गर्नु उनीहरूमा लडाकू र हतियारको दम्भ नगएको आभास पाउनु हो भन्ने चर्चा समेत चलेको छ ।

## पसाच करोड प्रकरणमा न्यायिक आयोग बन्ला ?

काठमाडौं / गत मंगलबार बाध्य भएर एनेकपा माओवादीले संसदमा अराजनीतिक, अन्तर्राष्ट्रिय आरोप सुन्नुपऱ्यो । कांग्रेस र राजपा लगायतका नेताहरूले राष्ट्रियता स्वाधिनता क्रान्तिकारी भन्ने माओवादीले आफ्नो पार्टीको प्रधानमन्त्री बनाउन विदेशी गुहाऱ्यो, सभासद्को मोल तोक्यो, यो महराको संवाद हो कि होइन ? यस्तो प्रश्नहरू गर्दै माग गरे ५० करोड को टेप प्रकरणमा न्यायिक आयोग गठन हुनुपर्छ, प्रधानमन्त्रीले समेत छानविन गर्छु भनेको यो प्रकरणमा अख्तियारकोपनि ध्यान जानुपर्छ । संसदको गरिमा बचाउन सभामुखले पनि ध्यान दिनुपर्छ ।

यसरी आयोगको वर्षात भएपछि माओवादीले टेप प्रकरण गम्भीर षडयन्त्र हो भनेर प्रतिकार गऱ्यो । तर टेप प्रकरण सावित गर भनेर चुनौती दिन सकेन । महराको आवाज होइन भन्न सकेन । आधुनिक प्राविधिक सुविधा प्रयोग गरेर बदनाम गरेको हुनसक्छ भनेर पन्छियो ।

महरा र चिनियाँ कुनै अधिकारीबीचको यो टेप प्रकरण भारतीय दूतावासबाट सार्वजनिाक भएको हो । प्रचण्डलाई प्रधानमन्त्री बन्नबाट रोक्न यो प्रकरण बाहिर आएपछि नेपालमा कुनै पनि नेताको कोसँग सम्पर्क हुन्छ के वार्ता हुन्छ भन्ने विषय गोप्य नरहेको त्रासदी फैलिएको छ । जे होस् आगामी दिनमा टेप प्रकरण रोक्न र सभासद् किनबेच गर्ने यो प्रकरणको छानविन गर्न न्यायिक आयोग गठन होला त ? भन्ने विश्वास कमजोर देखिंदैछ ।

## तेस्रो लिङ्गीको दबाब

काठमाडौं / मंलबार तेस्रो लिङ्गी समाजले सिंहदरबार घेरेपछि लाज मानेको सरकारले उनीहरूलाई पुलीस लगाएर पक्राउ गर्दै थुन्ने काम गऱ्यो । तेस्रो लिङ्गीहरूको माग नाजायज हो भनेर भन्ने आँट सरकारसँग छैन । सर्वोच्च अदालतले ४ वर्ष अघि नै तेस्रो लिङ्गीलाई पहिचान खुलाएर नागरिकता दिने भन्ने आदेश दिए पनि आजसम्म नागरिकता पाउन सकेनन् । नागरिकता नपाउँदा पासपोर्ट बनेन, परिचय खुलेन, रोजगारी पाएनन् । उनीहरू अनागरिक भएर बाँच्नु पऱ्यो । यही अधिकार मागेर तेस्रो लिङ्गीले सिंहदरबार दक्षिण ढोकामा धर्ना दिए अनसन बसे ।

तेस्रो लिङ्गी भन्छन्, प्रधानमन्त्रीसमेत सकारात्मक छन् तर, गृहमन्त्री विरोधी बन्दा नागरिकता पाइनन् । धर्ना दिन सभासद सुनिलबाबु पन्तसमेत सामेल भएका थिए । तेस्रो लिङ्गीका मागका सम्बन्धमा संसदमासमेत आवाज उठ्ने भएको छ र अदालतको आदेशको पालना गर्न सरकारलाई दवाव दिने वातावरण बनेको छ । के तेस्रो लिङ्गीले नागरिकता पाउलान त ?

सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर